# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बद्रीपुल, सुनसरी
कोशी प्रदेश, नेपाल

प.स.२०८२/८३
सू.नं. ८०

मितिः२०८२/०८/२८

श्री कार्यरत सबै कर्मचारीहरु,
(शाखा/वडा/स्वास्थ्य चौकी,बर्थिङ्ग सेन्टर/केन्द्र सबै)
कोशी गाउँपालिका बद्रीपुल, सुनसरी।

विषयः व्यक्तिगत फाइल बुझाउने सम्बन्धमा।

प्रस्तुत विषयमा मिति २०८२ भाद्र २३ र २४ गतेका दिन Gen-Z आन्दोलनमा यस गाउँपालिकाका सम्पूर्ण कागजात, बही खाता फाइलहरु, फर्निचर दराज लगायत आगजनी, तोडफोड भै नष्ट(क्षति)भएको बेहोरा अवगत नै छ ।तत् सम्बन्धमा यस पालिका र अन्तर्गत सम्पूर्ण स्थायी, करारमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत फाइल आवश्यक रहेकोमा तपसिल बमोजिमका कागजात प्रमाणहरुको प्रमाणित प्रतिलिपी १(एक) प्रति ३ दिन भित्रमा प्रशासन शाखामा बुझाउनु हुन जानकारी गराइन्छ। तोकिएको समय भित्रमा कागजात प्रमाणहरुको प्रतिलिपी नबुझाएमा सो को जिम्मेवारी स्वयम कर्मचारी नै हुने बेहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

१. नियुक्ति पत्र, सरुवा, बढुवा, रमाना, तहवृद्धि, समायोजन लगायतका पत्रहरु।
२. नागरिकता प्रमाण पत्र।
३. विद्यालयको शैक्षिक प्रमाण पत्रहरु।
४. तालिम गोष्ठीमा सहभागी भएका प्रमाण पत्रहरु।
५. करार सम्झौता पत्र, म्याद थप भए सो को पत्रहरु।
६. अन्य आवश्यक भए उक्त कागजातहरु।

२०८२/०८/२८

सुर प्रसाद दंगाल
नि.प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत